# समाचार

कुनै दिन
पत्रिका मा खबर आउँदा
बज्थ्यो
टेलीफोन का घंटी हरु
आजको पत्रिका मा नेपाल 'हेरयो ?
केबल शू समाचार
शांति, धर्म ,संस्क्रिति बहादुरी
अनि सुन्दरता क बखान हरु
शीर गर्बा ले उठ्थ्यो

आजकल
जतातातै नेपाल
पत्रिका मा, टिबि मा,इंटरनेट मा
परिचीत ओठ हरु मा
जातातै नेपाल

मारिए का खबर ,मरेर्का खबर
बन्दुक,बारुद को तस्बीर
खातै खात लास को तस्बिर,
बिदुवा ,लालाबला को भबिस्य लुटियको तस्बीर
बाबु आमा को फुटेको मुटु, को तस्बीर
रगत आहल ,

बम गोला को तस्बीर
लुटियका हरु को तस्बीर
लुटेरा भनियका हरु को तस्बीर
निमुखा नेपाली को तस्बीर
केवल तस्बीर म बाँचे का
नेपालि को तस्बीर
जुन पर्यटक को केमरा म कैद हुंछ र
आदीम मानब का चित्र जस्तै पोस्ट्कार्ड म बिक्रि हुंछ
समग्र मा
नेपाल आमा छति पिटेर रोएको तस्बीर

मट्यंग्रा जस्तै बर्सिएका छन गोला बारुद हरु
इम्पोर्टेद गोलि हरु
कती सस्तो
एक छाक को खोजि मा
मुगु रोइरहेका छन
हजरौ भोकमरि मा
जीवन जल हात थाप्नु परिरेछ
एक दसक देखि
एक लाख सरनर्थि उपहार दिने को
एक लाख हरियो हात थाप्नु परि रहेछ

धन्यबाद भन्दै

तैपनि नाइट भिजन रे
बेल्जिम गन रे

के हो नाइट भिजन
फलामे लाटो कोसेरो रे ?

दन दन दन
अब त एक दुइ म्रितु कुरै हुन्दैन
थोक म्रितु अनिदर्जन दर्जन
कति सस्तो मानिस को जिवन
फलामे गोलि भन्दा पनि सस्तो !!
मारि रहेका छन
मरि रहेका छन
पुलिस का लुगा लगाएका
हरु,
सेना का लुगा लगाएका हरु
माओबदिबिल्ला लगाएका हरु
सुराकि नाममा
सर्म्थक को नाममा
आतंका बादि नाममा
जे नाम दिए पनि हुंछा
मार्न को लागि
जे लुगा लाया पनि ,बिल्ला लाया पनि
मर्ने ते नेपाली हो !!!

खै कस्लाइइ चिंता ?
कसिलैइ कुर्सि म पुग्नु छ
कसैलैइ कुर्सि म तिक्नु छ

केवल कुर्सि युद्ध
रगत को भेलमा
मसान बनाइ के राज गर्ने हो !
मसान जितेर के राज गर्ने हो !
खरानि को सगरमाथा !!!

सुंथ्यौं
लिट्टे युद्ध
कम्पुचिया ,कंगो
सिरालिओन हरु
अब त
आफ्नै आगान मा भएको छ
प्यालेस्टाइन

आँगन मै छ महाभारत
, कोतपर्ब
रगत यत्र तत्र
सिमना पारि    के कुरा
अफ्नै घर म छ समाचार
आजकल जता ततै नेपाल
शीर निहुरंछ

कपिल अधिकारी
ताइपे ,ताइवान